५५५

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं आषाढ २ गते २०१० साल [संख्या ४३

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन्। तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषय छापिनेछन्।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि।

(ङ) कायममुकायम तनाथी इत्यादि।

(च) कानूनविभाग, न्यायालयको विज्ञप्ति इत्यादि।

(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि।

(ज) साधारण सूचना, उर्दी इत्यादि।

(झ) जन्म मरणको संख्या।

(ञ) हल्लाको खण्डन।



५५७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) अफिसरहरूको बिदा ।

(ठ) श्री ५ र शाही परामर्शदाताहरूको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम ।

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्शनकमिशनको सूचना ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रचलित मुद्रा, नोट तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्य र खाद्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

(ख) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

(ख) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) नगरपञ्चायत ।

(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग १३ बिकाश तथा योजनासंबन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

## अर्थविभागको सूचना

जनसंख्या, मालपोत र महत्वको समेत विचार गरी नेपाल राज्यभरका जिल्ला हरू क. ख. ग. श्रेणीमा वर्गीयकरण गरिएको छः—

क. श्रेणीमा परेका जिल्लाहरू:—

वीरगंज, सप्तरी, महोत्तरी, बिराटनगर, पाल्ही माझखण्ड, गोस्वाराहरू र पाल्पा धनकुटा गौडा।

ख. श्रेणीमा परेका जिल्लाहरू:—

खजहनी, शिवराज, झापा, बाँके बर्दिया, पूर्व १ नंबर, कैलाली कंचनपुर, पश्चिम १ नंबर, पश्चिम ३ नंबर गोस्वाराहरू र ईलाम, डोटी, गौंडाहरू तथा काठमाडौं।

ग. श्रेणीमा परेका जिल्लाहरू:—

दाङ देउखुरी, पश्चिम २ नंबर, पूर्व २ नंबर, पश्चिम ४ नंबर, पूर्व ३ नंबर गोस्वाराहरू र गुल्मी, दैलेख, सल्याना, बैतडी, प्यूठाना, जुम्ला, डँडेलधुरा वाग्लुं, गौंडाहरू र उदयपुर गढी, चिसापानी गढीहरू तथा ललितर, भक्तपुर।

उपरोक्त क. ख. ग. श्रेणीमा परेका जिल्लाका बडाहाकिम, मैजिस्ट्रेट तथा कमिश्नर, कमिश्नरका असिस्टेन्ट, असिष्टेन्ट मैजिस्ट्रेटलाई निम्नलिखित अनुसार तलब ठेकिएको छ।

कमिश्नर। काठमाडौं, भक्तपुर, ललितपुरकाके मासिक तलब मोहरु ६००

क. श्रेणीका बडाहाकिम मैजिस्ट्रेटके मोहरु ८००



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।